(कथा)

# किंकर्तव्यविमूढ

-उज्ज्वल जी.सी.

हरिदेवको उपस्थितिप्रति दीपकले सधैं नकारात्मक दृष्टिकोण राख्ने गरेको बिष्णुदेवीलाई कत्ति चित्त बुझेको थिएन । बीसौं वर्ष डेरामा बिताउँदा हुर्केको सुमधुर सम्बन्ध जीवन्त बनाई राख्ने अन्तरइच्छा घरका कसैलाई व्यक्त गरेकी थिइन उनले । लोग्ने भनाउँदो कृष्णबहादुर कतिपय रहस्य बुझेर पनि एकशब्द उच्चारण गर्दैनथ्यो । दीपक बाहेक दुई छोराहरु पनि उस्तै थिए ।
हो, कृष्णबहादुर वर्षको सात,आठ महिना गाउँकै खेतिपातीमा व्यस्त रहने गर्थ्यो । उसको अनुपस्थितिमा हरिदेवले आफ्नी श्रीमतीलाईभन्दा बेसी माया र विश्वास गर्ने गरेकाले बिष्णुदेवीको हृदयबाट कृष्णबहादुरप्रतिको आस्था धमिलिँदै गएको थियो । 'समाज र लाठे छोराहरुले के भन्लान् ?' भन्ने कुनै संकोच थिएन उनमा । हरिदेवले बोलेपछि जुनसुकै बेला जुनसुकै ठाउँमा जान पनि तयार हुन्थी- बिष्णुदेवी । उनले लिने अठोटको विपरितमा कोही बोल्न सक्तैनथे । कहिलेकाहीं दीपकले 'रात परेपछि पनि कहाँ हिड्न लाग्नु भा ?' भनेर एक प्रकारको असहमति व्यक्त गरे पनि ' के म रण्डीबाजी गर्न जान ला हो र ? लाउके किन बन्न खोज्छस् तँ ?' भन्ने आक्रोस मिश्रित जवाफ ओकल्दै आफ्नो इच्छा पूरा गरेरै छोड्ने आदत थियो उनको । त्यसैले हरिदेवलाई बिष्णुदेवीसँग बाहिर डुल्न जान कुनै साइत हेरिरहनु पर्दैनथ्यो । समाजले अनगिन्ती कुराहरु काटे पनि उनीहरु एक कानले सुनेर अर्को कानले उडाई दिन्थे । 'बिष्णुहरि'का नामले उनीहरुलाई नचिन्ने सायद कोही थिएनन् टोलमा मानिसहरु । दुबैजना नारिएर बाटोमा हिँडेको देख्दा सबै छक्क पर्थ्ये ।

घर नजिकका छिमेकीहरु - ' कस्ती पात्तिएकी बुढी रै'छ ! त्यत्रा-त्यत्रा छोराहरु भएर पनि घरपतिसँग घुम्न जान सरम नमान्ने ! लोग्ने सोझो भयो भन्दैमा सबैका स्वानी यस्तै हुने हो भने यो संसार कस्तो होला ? बिचरा छोराहरुलाई पनि मनमा के लाग्ला ? भनूँ भने आफ्नी आमा नभनूँ भने त्यस्तो चाला ! यस्ती खाले आमा त संसारमा कसैको नहोस् बा.... ।' भन्दै मनको तीतो पोख्थे भने कोही -' मान्छेको फेला नपरेकी मोरी ! हाम्राजस्ता लोग्ने पर्नु पर्ने तेस्लाइ, अनि देख्थी बाबुको बिहे ! कमसेकम छोराहरुको लाज त लाग्नु पर्छ । कस्ती नकचरी आइमाई रै'छ ! लाज सरम भनेको रत्ति नभएकी । फेरि त्यो अर्काको स्वास्नीको पछि लाग्ने हरिदेव कस्तो हो ? तेस्को स्वानीले पनि कसरी सहेर बसेकी हो ? अर्काकी स्वास्नीसँग गएर घण्टौंसम्म गफ गरिरहँदा, नारिँदै डुल्न जाँदा त केही बोल्नु पर्ने हो नि ! रहस्य के हो भन्ने केही बुझ्न सकिएन बा....' भन्ने गर्थे ।

हो,मानिसहरुले आफ्नी आमाका बारेमा अनेकौं कुराहरु काट्छन् भन्ने दीपकलाई धेरै पहिल्यै थाहा थियो । तर उसले जन्म दिने आमा भएकी कारण बिष्णुदेवीको विपक्षमा कहिल्यै कसैसँग बोल्न सकेको छैन । राम्रो एकशब्द बोल्दा नराम्रा चारशब्द फर्काउने आमाको बानी राम्ररी थाहा थियो उसलाई । त्यसैले मनका असन्तुष्टिहरु केवल मनमै गुम्साएर राख्नु बाहेक अन्य विकल्प केही सोच्न सकेको थिएन-दीपकले । झण्डै तीस वर्षको भरिलो बैंस बित्न लागिसक्दा पनि कसैले बिवाहको प्रस्ताव नल्याउनुमा कतै आमाको आचरणले त हैन ? भन्ने शंका ऊभित्र नजन्मिएको पनि हैन । तर विवश छ ऊ । भन्न केही सक्दैन । हरिदेवको विरोधमा कसैले कुनैकुरा भनेको आमालाई पाच्य हुँदैन भन्ने यथार्थ बुझेको छ उसले । यद्यपि केही नबोलेर बस्दा दिन प्रतिदिन टोल छिमेकका मानिसहरुलाई कुरा काट्दै दिन बिताउन झन् फराकिलो वातावरण सिर्जना हुँदै जाने सम्भावनाप्रति चिन्तित छ - दीपक ।
धेरै दिनको सोचाईपछि दीपक अनायासै एक निर्क्यौलमा पुग्यो - हरिदेवलाई घर आउन निषेध गर्ने । उसको बिवाह पनि लगभग चार,पाँच महिनाभित्रै हुने टुङ्गो लागिसकेको थियो । अर्काकी छोरी घरमा भित्रिएपछि आमाको आचरण थाहा पाइ भने के गर्ने ? कतै आफैलाई छोडेर हिँडी भने के गर्ने ? हरिदेव आमाको को पर्छ भनेर सोधि भने के जवाफ दिने ? भन्ने आदि इत्यादि प्रश्नहरुले सधैं मन बिथोल्ने गरेकाले हरिदेव र आमाको सम्बन्ध छुटाउनु प्रथम कर्तव्य सम्झेको थियो - दीपकले । त्यसो त ऊ जन्मिएर हुर्किएको हरिदेवकै घरमा हो । सानैदेखि ऊ र अन्य उसका भाइहरुले हरिदेवलाई 'हरिबुबा' भन्ने गर्थे । उनीहरु सानो छँदा हरिदेवले धेरै कुराहरु व्यहोरेको थियो । स्कुलको शुल्क, किताप-कापीदेखि लिएर दशैंमा नयाँ लुगा हालिदिने जिम्मेवारी समेत बिष्णुदेवीले उसैलाई नै सुम्पेकी थिई । त्यसैले दीपकको मुखबाट हरिदेवको विरुद्ध कुनै शब्दहरु निस्कनु त्यति सहज थिएन । र, उसले भित्री मनमनै सोचेको पनि थियो कि - 'यदि सत्यतथ्य कुरो ओकल्ने हो भने त्यस्को परिमाण ज्यादै गम्भीर हुन्छ भन्ने ।'

एकदिन दीपक अफिसबाट छिटै घर फर्क्यो । उसले बाटोभरि सोचे अनुसार हरिदेव आफ्नी आमाको कोठामा ढोका लगाई मस्त गफ गरिरहेको सुन्यो । सायद ऊ घर आइपुगेको संकेत कोठाभित्र पुगेको थिएन । आफ्नो बाबु भनाउँदो कृष्णबहादुर बारीमा काम गर्दै गरेको देख्यो उसले । काम गर्ने केटी पनि कोठाभित्रै सुतिरहेकी थिई सायद । घरको वातावरण देखेर दीपक एकछिन छट्पटायो । ऊभित्र धेरै असजिला पनहरु जन्मिए । क्रोधहरु अनायासै सलबलाउन थाले । अन्ततः ऊ आमाको कोठातिर सरासर

गयो । बन्द ढोकामा मुठीले ढक्...ढक्.. हान्यो । आवाज सुनेको पाँच मिनेटपछि बिष्णुदेवीले ढोका खोली । रगत झर्लाजस्तो मुहार लिएर ठिङ्ग उभिएको छोरा देख्नासाथ उनको मुहार पनि एक्कासी कालोनिलो हुन पुग्यो । दुबैजना अवाक् बनेको देखेर हरिदेवले अत्तालिँदै भन्यो-“आज त छिटै आयौ नि दीपक ! सञ्चो भएन कि क्या हो ? अँ...मुख पनि रातो-रातो देख्छु म त !”
“तँलाई ज्वरो आ’त छैन ?” बिष्णुदेवीको मुखबाट जबरजस्ती शब्दहरु निस्किए ।

आमाको बोली सुनेपछि दीपकले आफ्नो अनुहार झन् रातो बनाउँदै बर्वराउन थाल्यो -“ लाज लाग्दैन तपाईलाई ? कसरी बोल्न सक्नु भा’छ मसँग ? एउटा स्वास्नीमान्छेले पराई लोग्नेमान्छेसँग दिउँसै ढोका थुनेर बस्दा समाजले के भन्छ ? उता बुबा बारीमा काम गर्दै हुनुहुन्छ यता तपाई .... । अलिकति सरम त मान्नुस् आमा ! कसैले बोलेन भन्दैमा जे पायो त्यै गरेर बस्न त पाइँदैन नि ! कस्तो मतिभ्रष्ट भएको तपाईको ?”
-“ हैन किन बौलाएको यो ? ढोका थुनेर हामीले के ग-या छौं र ? यो त आमालाई बात लाउने कुरा पो गर्छ बा ... ! ” भन्दै बिष्णुदेवीले आफूलाई निर्दोष सावित गर्न खोजी ।
-“यसो दुखःसुखको कुराकानी गरेर बसेको नि ! त्यति साह्रो नरिसाउन !” भन्दै हरिदेवले आफ्नो गल्ती छोप्न के खोज्दै थियो दीपक एक्कासी शिष्टाचारको घेरा नाघ्दै बम्कियो- “ तपाई चूप लाग्नुस् । दहीको साक्षी बिरालो भै किन बोल्नु हुन्छ ? तपाईजस्तो रण्डो त यो संसारमै छैन होला । एकदिन हैन दुईदिन हैन, सधैंसधैं किन आउनु हुन्छ यो घरमा ? के काम छ तपाईको ? एक स्वास्नीमान्छेको कोठाभित्र ढोका थुनेर बस्दा घरका मान्छेले के भन्लान्, छरछिमेकहरुले के भन्लान् भन्ने डर लाग्दैन ? कस्तो नकचरो तपाई ? अब भोलिदेखि यो घरमा पाइला नटेक्नु होला । यदि जबरजस्ती आउन खोज्नु भो भने त्यस्को परिणाम राम्रो नहोला । ”
- “कत्रो हिम्मतले बोल्दैछस् ए तँ ? हिजोका दिनहरु बिर्सिस् तैंले ? स्कुलको फिस तिर्ने पैसा नहुँदा, एकजोर लाउने लुगा नहुँदा त हरिबबा भन्दै पछि लाग्थिस् नि ! दुई-चार अक्षर पढ्दैमा किन ठूलो हुन्छस् ? तेरो घरमा आएर मैले के नै गरेको छु र ? मेरै कृपाले पढिस्, मैले नै जागिर बनाई दिएँ । के,बोल्न पायो भन्दैमा जे पनि बोल्न लाज लाग्दैन तँलाई ? न आ भन् न , आउँदिन तेरो घरमा । हिजोको फुल आजको चल्ला होस् तँ । बढी फुर्ति नदेखा .... ।” भन्दै हरिदेव पनि रन्कियो ।
- “फुल या चल्ला जेसुकै हूँ, तपाईलाई मतलव छैन । अहिले नै जानुस् आफ्नो घर ! हैनभने मैले नै घोक्र्याउनु पर्ला । ”
दीपकले निकालेका शब्दहरुसँग प्रतिरोध गर्न सक्ने क्षमता हरिदेवको भएन । अन्ततः ऊ ‘तँजस्ताको घमण्ड एकदिन भगवानले तोड्ला’ भन्दै आफ्नो घर लाग्यो ।
बिष्णुदेवीलाई हरिदेवले हार स्वीकारेको चित्त बुझेन । ‘आफ्नो बाबुसरह उमेरको मान्छेलाई त्यस्तो भन्नु हुन्छ ? दुःख पर्दा कति काम दिएकाथे उनले, सम्झनु पर्दैन ? आफ्नै ठानेर त आएका हुन्, पराइ ठानेका भए किन आउँथे तेरा घर ?’ भन्दै उनले घुमाउरो पारामा असहमति पोखी ।
दीपक आक्रोशित हुँदै मनमा नपचेका कुराहरु ओकल्न थाल्यो-“ कस्तो आफ्नो ठानेर ? ल भन्नुस्, हरिदेव तपाईको को ? आफ्नो भन्दैमा कोठाभित्र चुकुल लगाएर बस्न मिल्छ ? बुबाको डर नमाने पनि समाजको डर त मान्नुस् ! मान्छेले के भन्ला ? दिन-दिनभरि दुईजना सँगसँगै बस्दा । भोलि घरमा बुहारी भित्रिएपछि के भन्ली ? बुहारीको अगाडि पनि दिनभर हरिदेवसँगै कोठा थुनेर बस्नु हुन्छ कि क्या हो ?”
-“बसेँ त बसेँ, तँलाई के भो ? छोरा भएर आमासँग बोल्ने ढाँचा यही हो ? बडो बुज्रुक बन्दोरहेछ ! बोल्न पायो भन्दैमा मनपरी नबोल आमासँग । मैले जन्माएर हुर्काएकी हूँ तँलाई ! ” बिष्णुदेवीले आफ्नो स्पष्टिकरण दिई ।
-“चूप लाग्नुस् तपाई ! कसले भन्यो मलाई तपाईले जन्माएको हैन भनेर ? तपाईजस्ताको छोरा भएर त आज यस्तो बेइज्जत हुँदैछ मेरो । आफ्नो गल्ती किन स्वीकार्नु हुन्न ? बुबा भने बारीमा काम गरिरहने, तपाई भने लोग्नेमान्छेसँग कोठामा चुकुल लगाएर बस्ने ? यो कहाँको नियम हो ? ” भनेर दीपकले भन्दाभन्दै बिष्णुदेवी थर्थर काम्न थाली । उसको अवस्था देखेर दीपक एक्कासी नरम हुँदै भन्न थाल्यो -“ आमा भएर छोराको कुरा पनि त सुन्नुपर्छ ! के छोराछोरीले आफ्नो आमालाई कहिले नराम्रो भन्लान् ? ल भयो, नकाम्नुस्.... । मैले जे जति गल्ती गरेको लागे पनि माफी दिनुस् । अब म यस्ता कुराहरु कहिल्यै गर्दिन ।”
तर बिष्णुदेवीको शारिरीक कम्पन कम भएन । झन्झन् बढ्न थाल्यो । आमा डाइबिटिजको बिरामी भन्ने कुरा दीपकलाई थाहा छ । त्यसैले सम्भावित जोखिमबाट बच्न उसले तुरुन्त फोन ग-यो - एमबुलेन्सका लागि हस्पिटलमा । अनि अत्तालिँदै बाबुलाई पनि बोलायो । टोलका केही मानिसहरु पनि जम्मा भए । अस्पताल लैजाने सोचाई सबैको के बन्दै थियो, बिष्णुदेवीले भन्न थालि-“मलाई अस्पताल लैजानु पर्दैन । बरु हरिबाबूलाई एकपटक बोलाइदिनुस्,तपाईहरुले । आज दीपकले हरिबाबूलाई भन्नु नभन्नु भन्यो । उहाँ रिसाएर जानु भा’छ । मलाई पनि आज यसले ज्यादै चित्त दुखायो ।”
आमाको कुरा सुनेर दीपक ट्वाल्ल प-यो, केही बोल्न सकेन । सबैले ‘ के भन्यौ दीपक आमालाई ?’ भन्दै कौतुहलता पोख्न थाले । तर दीपकले यथार्थ खोल्न चाहेन । ऊ ‘नून खाएको कुखुरा’झैं झोक्रिन थाल्यो ।
बिष्णुदेवीले फेरि भन्न थालि- “मलाई ज्यादै गाह्रो भएर आयो । म अब मर्छु होला । म सबैको अगाडि एउटा कुरा भन्छु ,त्यो के हो भने दीपक, दिनेश र दिलिपका सक्कली बाबु हरिदेव हुन् । मेरो लोग्ने त नाम मात्रको हो । ऊ नपुंसक छ । मलाई तीन छोराहरु हरिदेवले नै दिएका हुन् । त्यसैले दीपक ! म मरे पनि आफ्नो बाबुलाई माया गर्नु,आदर गर्नु ....। म...ला....ई
...दोष...नदि...नु ।

यति भनिसकेर बिष्णुदेवीले सधैंका लागि आँखा चिम्लि । कोठामा स्तब्धता छायो । उपस्थित सबै एक-आपसमा मुख जुधाउँदै मुन्टो निहु-याउन थाले । यत्तिकैमा कृष्णबहादुरले भन्यो- “ यस्ता अपराधी बाँच्नुभन्दा त मरेकै ठीक । जिन्दगीमा एकदिन पनि

सुखको सास फेर्न दिइन यसले । अन्तिममा यो चर्तिकला देखिन्छ भनेर मलाई पहिल्यै थाहा थियो । एउटा सत्यकुरा यहाँहरुलाई म पनि सुनाउँछु आज । हो, यो आइमाईसँग मैले आजसम्म शारिरीक सम्पर्क राखिन । आजभन्दा चालिस वर्ष पहिले मैले यसलाई बिवाह गर्नु प-यो । बिवाह गरेको भोलिपल्टै यसका नाठाहरु को को हुन् भन्ने कुरा मैले पत्ता लगाएँ । यस्का नाठाहरुले ‘यदि बिष्णुदेवीलाई छोडिस् भने तेरो ज्यान पनि रहँदैन’ भनेर धम्की दिए मलाई । म बाध्य भएर काठमाडौं आएँ- यसलाई लिएर । बीस,पच्चिस वर्ष डेरा गरी बस्दा घरपति भनाउँदो हरिदेवसँग सल्केकी मलाई राम्ररी थाहा थियो । तर समाजको लाजले मैले केही भन्न सकेको थिइन ।”

कुरा सुनेर सबैजना दिग्भ्रमित बने । केही क्षणमै एम्बुलेन्स आइपुग्यो । छिमेकीहरुले बिष्णुदेवीलाई अस्पतालतिर दौडाए । तर दीपक गएन । ऊ किंकर्तव्यविमूढ हुँदै सोच्न थाल्यो -

- आमाको कुरा सही हो भने आजसम्म लुकाएर राख्नुको अर्थ के हो ?
- बाबु भनाउँदोले पनि आजसम्म आफ्नो रहस्य नखोलेको कारण के हो ?
- अब जिन्दगीमा कसलाई बाबु भन्ने ?
- किरिया कस्को बस्ने ?
- कुन मुखले समाजमा हिँड्ने ?
- अब बाँच्ने या मर्ने ?’ आदि आदि ।